राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको
## करार सेवाकोलागि दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

मिति : २०८१।०४।०१

यस बैंकको मिति २०८१।०३।३० को निर्णय बमोजिम Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) संगको सहकार्यमा संचालित Renewable Energy and Energy Efficiency Program (REEEP) कार्यान्वयनका लागि तपसिलका पदमा करार सेवामा पदपूर्ति गर्ने निर्णय भए अनुसार तोकिएको न्यूनतम शैक्षिक योग्यता र अनुभव पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८१।०४।०२ गते देखि दरखास्त फाराम आह्वान गरिएको छ । बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा टाँस गरी बैंकको मानव संशाधन विभागमा तथा यस बैंकको email ID hrd@rbb.com.np मार्फत समेत बुझाउन सकिनेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव नभएको, तोकिए बमोजिमको परीक्षा दस्तुर नबुझाएका र तोकिएको समय भन्दा पछि प्राप्त भएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति र बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्तिको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

तपसिल

(१) वि.नं., पद, पद संख्या, सेवाको किसिम र करार अवधि :

| वि.नं. | पद | पद संख्या | सेवाको किसिम | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| C1/2081/082 | Green Energy Finance Expert | १ | करार | सन् २०२४।०९।३० सम्म | परियोजनाको आवश्यकता अनुसार नविकरण गर्न सकिने |

(२) न्युनतम शैक्षिक योग्यता र अनुभव :

**Qualification and Experience:**

- A master's degree in engineering, management, economics in energy related topic from a recognized University/Institution. Minimum 3 years of work experience, with at least 2 years in energy-efficiency in industrial setting. Experience in energy audit, energy management, and energy financing would be advantageous.
- In case of the candidate with Bachelor' degree in the above mentioned areas, minimum of 7 years of work experience with at least 5 years in energy efficiency/ energy management is necessary.
- Strong report-writing and communication skills in both Nepali and English are required. A solid understanding of local energy efficiency market and experience in banking and finance sector is highly desirable.

(३) परीक्षाको किसिम, पदस्थापन र सेवा सुविधा :

क) परीक्षाको किसिम : अन्तर्वार्ता ।

ख) पदस्थापन : बैंकको केन्द्रीय कार्यालय ।

ग) सेवा सुविधा : Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) संगको सहकार्यमा संचालित Renewable Energy and Energy Efficiency Programme (REEEP) कार्यक्रमले तोके बमोजिम आपसी समझदारी अनुसार ।

(४) दरखास्त फारम भर्ने अवधि : सुचना प्रकाशन भएको मिति (२०८१।०४।०२) ले १५ दिन (फाराम बुझाउने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोली पल्ट) सम्म ।

(५) परीक्षा दस्तुर : रु.७०० (सात सय मात्र)

(६) परीक्षा दस्तुर यस बैंकको कर्पोरेट शाखा (१८५) मा रहेको "Rastriya Banijya Bank In-Opera" नामको खाता नं. १८५०१०००००२८००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी दरखास्त फाराम पेश गर्नु पर्नेछ ।

(७) दरखास्त फाराम यस बैंकको मानव संशाधन विभागबाट लिन सकिनेछ वा यस बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice बाट Download गरी लिन सकिनेछ ।

(८) **अन्तर्वार्ता :** अन्तर्वार्ता यस बैंकको केन्द्रीय कार्यालय भवन सिंहदरवारप्लाजा काठमाण्डौमा हुनेछ ।

(९) सम्बन्धित पदको TOR बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१०) शैक्षिक योग्यता, अनुभव, सेवा अवधि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(११) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(१२) दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१५७२१२२० एक्सटेन्सन नं. : ३५४९ र ३५४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
अन्तर्वार्ता तथा छनौट समिति
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड